राष्ट्रिय सूचना आयोगद्वारा

पहिलो वर्ष (२०७१ माघ - २०७२ पुष)

सम्पादित प्रमुख कार्यहरूको विवरण

राष्ट्रिय सूचना आयोग

काठमाण्डौ, नेपाल

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा

प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल

सूचना आयुक्त

यशोदादेवी तिम्सिना

सूचना आयुक्त

शरदराज विष्ट

सचिव

आयोगको पहिलो एक वर्ष

नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐनले नागरिकलाई प्रदान गरेको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित स्वतन्त्र राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्तले गत २०७१ पुष ३० गते शपथ ग्रहण र पदवहाली गरी कार्यारम्भ गरेको पहिलो एकवर्ष पूरा भएको छ। यस एकवर्षको अवधिमा आम नागरिकलाई आफ्नो सूचनाको हकप्रति जागरुक गराई मौखिक, लिखित र अनलाईन पद्दतिबाट सूचना माग्ने र पाउने हकको प्रचलनप्रति विश्वास वृद्धि गर्न सकिएको छ। यसैगरी सार्वजनिक निकायहरूलाई आफ्नो काम-कारवाही पारदर्शि तुल्याउनुका साथै आफ्ना निकायबाट सम्पादित काम-कारवाहीलाई नियमितरुपमा सार्वजनिक गर्न, सूचना अधिकारी तोक्न र नागरिकको सूचनाको हकप्रति उच्च सम्मान व्यक्त गर्ने वातावरण निर्माण गर्न आयोग गठनको पहिलो एकवर्ष निकै उत्पादनशील रहेको महशुस गरिएको छ।

यस पहिलो एक वर्षमा सम्पादित महत्वपूर्ण कामहरुको विवरण यस पुस्तिकामा समेटिएकै छ। जहाँसम्म यस अवधिमा जारी भएका केही महत्वपूर्ण आदेशहरुको प्रसंग छ, लोकसेवा आयोगलाई प्रतिस्पर्धी परीक्षार्थीको प्राप्ताङ्क सार्वजनिक गर्न सूचनाको हकसम्बन्धी ऐन बमोजिम आदेश जारी गरिएको छ। यस अतिरिक्त पंचेश्वर जलविद्युत आयोजना र माथिल्लो कर्णाली जलविद्युत आयोजनाका क्रमशः विधान र पिडिए सम्बन्धी सरोकारवाला नागरिबाट जानकारी माग भएको सूचना उपलब्ध गराउन आदेश गरिएको छ। यसैगरी राजनैतिक दलहरुले निर्वाचन आयोगमा पेश गरेका दशहजार मतदाताको दस्तखतसम्बन्धी सूचना उपलब्ध गराउन निर्वाचन आयोगलाई आदेश गरिएको छ। साथै, नागरिकले सूचना माग गर्दा प्रयोजन खुलाउनु पर्ने कानुनी व्यवस्था छ। यसमा प्राप्त सूचना प्रकाशित/प्रशारित गर्छु भन्ने प्रयोजन भएकाले सूचना उपलब्ध गराउन सकिन्न भन्ने निर्णयसँग आायोग सहमत हुन नसकी सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी भएको छ र सूचना मागकर्ताले सूचना पाएको अवस्था छ। यसैगरी निर्वाचन आयोगमा दर्ता भएका १८० वटा राजनैतिक दलका प्रमुख र सबै मन्त्रालय एवं केन्द्रीयस्तरका निकायमा सचिवहरुको नाममा सूचना अधिकारी तोक्ने, तीन/तीन महिनामा विवरण सार्वजनिक गर्न र सूचना मागका निवेदनको छुट्टै अभिलेख राख्न ३ बुँदे आदेश जारी गरिएको छ। साथै सबै १९ वटा सरकारी तालिम केन्द्रलाई तालीमको पाठ्यक्रममा सूचनाको हकलाई अनिवार्यरुपमा समावेश गर्न पनि आदेश जारी भएको छ। यी केही आदेशका झलक मात्रै हुन्। यो आयोग प्रचलित संविधान, कानुन र विश्वव्यापी मान्यताअनुसार आम नागरिकको सूचना पाउने हकको प्रचलनका पक्षमा दृढतापूर्वक उभिएको स्थिति छ।

यो पहिलो एकवर्षको अवधि कार्यसम्पादनका दृष्टिकोणले सन्तोषजनक रहे पनि आयोगले भोगी आएका साविकदेखिका विभिन्न समस्या समाधान नहुँदा नागरिकको सूचनाको हकको प्रचलनमा आयोगले सोचेजस्तो प्रभावकारी भूमिका निर्वाह गर्न अझै कठिनाई भैरहेको छ। आयोगको आफ्नै

घर जग्गाको व्यवस्था गर्ने र नागरिकलाई पायक पर्ने स्थानमा आयोगलाई स्थान्तरण गर्ने सोचाईले मुर्तरुप लिन सकेन । स्थापनाकालदेखि कायम अत्यन्त न्यून जनशक्ति अहिलेसम्म बढाउन सकिएको छैन । विनाशकारी भूकम्प र आपूर्ति व्यवस्थापनमा आएको व्यवधानले आयोगको काममा पनि प्रत्यक्ष नकारात्मक असर पऱ्यो । यस्ता केही कठिनाईका बाबजूद आयोगको आगामी पाँच वर्षको रणनीतिको मस्यौदा तयार भएको छ । सूचनाको हकको प्रचलनको मन्त्रालयगत परीक्षण गर्ने (RTI Audit) सूचकाङ्क तयार भएको छ । दक्षिण एशियाली मुलुकमा क्रियाशील आयोगका पदाधिकारीहरूको काठमाडौं सम्मेलन आयोजना गर्ने गृहकार्यलाई तिव्रता दिईएको छ । आयोगमा परेका निवेदन, उजूरी र पुनरावेदनलाई समयमै फछ्यौट गर्ने अनुशासन कायम गरिएको छ । विशेषगरी सूचनाको हकका क्षेत्रमा सानो-ठूलो जागरण/सकारात्मक परिवर्तन आएको महशुस गरिएको छ, यो नै सन्तोषको विषय हो ।

अन्त्यमा, प्रस्तुत पहिलो एकवर्षको कार्यकालमा आयोगको सफलताका लागि सघाउ पुऱ्याउनु हुने प्रधानमन्त्री, प्रधानन्यायाधिश, सभामुख, मन्त्रीहरु, सभासद्हरु, नेपाल सरकारका मुख्य सचिव, सचिव र राष्ट्रसेवक कर्मचारीहरु, सूचनाको हकका अभियान्ताहरु, नागरिक समाजका अगुवा, संचारकर्मी, विकासका साझेदारहरु, आयोगका कर्मचारी र सबै शुभेच्छुकहरु प्रति आयोगको तर्फबाट हार्दिक आभारी व्यक्त गर्न चाहन्छौं । साथै भविष्यमा पनि आयोगका काममा विगतमा झै सबैबाट हार्दिकताका साथ सहयोग प्राप्त भैरहने अपेक्षा गरेका छौं ।

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोगद्वारा
पहिलो वर्ष (२०७१ माघ - २०७२ पुष)
सम्पादित प्रमुख कार्यहरूको विवरण

१. पदाधिकारीहरूको नियुक्ति :

नेपालको संविधानको मौलिकहकअन्तर्गत समावेश भएको नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलन गराउन जारी भएको सूचनाको हकसम्बन्धी ऐन, २०६४बमोजिम सभामुखको अध्यक्षतामा गठित समितिको सिफारिशमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१ पुष २४ गतेको निर्णयबाट राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तमा श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिना नियुक्त हुनु भएको हो। उहाँहरूले २०७१ पुष ३० गते सपथग्रहण गरी पद बहाली गरेको पहिलो एक वर्ष पुरा भएको छ।

२. प्रथम तीन महिना र छ महिनाको कार्य प्रगति सार्वजनिक :

यस आयोग गठन भएको प्रथम तीन महिना (२०७१ माघ, फागुन र चैत्र) मा सम्पादित प्रमुख कार्यहरुको झलक २०७२ वैशाख २ गते तत्कालीन सभामुख सम्माननीय सुभासचन्द्र नेम्वाङको प्रमुख आतिथ्यतामा सिंहदरबार ग्यालरी बैठकबाट सार्वजनिक गरिएको थियो। यसैगरी आयोगले सम्पादन गरेका प्रथम ६ महिना (२०७१माघ-२०७१असार) मा सम्पादन गरेका प्रमुख कार्यहरु २०७२ साउन ११ गते तत्कालीन प्रधानमन्त्री सम्माननीय सुशील कोईरालाबाट प्रधानमन्त्री निवास बालुवाटारमा सार्वजनिक भएको थियो।

३. आयोगको बैठकका महत्वपूर्ण निर्णयहरू :

यस प्रथम एक वर्षको अवधिमा आयोगको ३३ वटा बैठक बसेको छ। यी बैठकहरुबाट भएका केही महत्वपूर्ण निर्णयहरु निम्नानुसार रहेका छन्:-

३.१ लोकतन्त्र प्राप्तिको संघर्षमा सहादत प्राप्त गर्ने अमर शहिदहरू प्रति श्रद्धान्जली व्यक्त गर्ने।

३.२ २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पमा मृत्यु हुनेहरुको आत्माको चिर शान्तिको कामना गर्दै यस सन्दर्भमा सार्वजनिक निकायहरुले गर्ने उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण लगायतको कार्यमा पूर्णतः पारदर्शिता अबलम्वन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम नेपाल सरकार समक्ष १४ बुँदे सुझाव प्रस्तुत गर्ने।

३.३ आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७२; आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२; सरकारी निकायले स्वतः प्रकाशन (Proactive Disclouser) गर्नुपर्ने सम्बन्धी निर्देशिका, २०७१ र राष्ट्रिय सूचना आयोगको विज्ञको सूची तयार गर्ने र संचालन गर्ने सम्बन्धी निर्देशिका, २०७२ जारी भएका छन्।

४. व्यवस्थापिका संसदको विकास समितिमा छलफल :

व्यवस्थापिका संसदको विकास समितिमा सूचनाको हकको प्रभावकारी प्रचलनका लागि पटक पटक छलफल भएको छ । पछिल्लो चरणमा राजनैतिक दलहरुले पनि सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था भए अनुसार व्यवहार गर्नुपर्ने सम्बन्धमा छलफल भई राजनीतिक दलका प्रतिनिधिहरूबाट कानुन कार्यान्वयनमा प्रतिबद्धता लिने काम भएको छ ।

५. राजनीतिक दलहरुको नाममा जारी भएको आदेश :

व्यवस्थापिका संसद्को विकास समितिमा भएको छलफलको निष्कर्ष अनुसार आयोगबाट २०७२ पुस १९ गते निर्वाचन आयोगमा दर्ता भएका १८० वटा राजनीतिक दलका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग), १९ (छ) र १९ (ख) बमोजिम क्रमशः सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको प्रावधान बमोजिम २० वटा शीर्षकमा आफ्नो दल सम्बन्धी सूचना नियमित रुपमा प्रकाशन गर्न, आफ्नो दलसँग सम्बन्धित सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्ने र आफ्नो दलसँग सम्बन्धित सूचना मागको निवेदन दर्ता गर्न र मांग अनुरुपको सूचना दिए नदिएको विवरण अद्यावधिक गर्न छुट्टै अभिलेखको प्रबन्ध गर्न आदेश जारी भएको छ।

६. नागरिक बडापत्रको एकिकृत संगालो जारी गर्न आदेश :

आयोगले पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीको नाममा आ-आफ्नो जिल्लामा कार्यरत सरकारी निकायको नागरिक वडापत्र संकलन गरी सो को संगालो प्रकाशित गर्न र सो संगालोबाट सेवाग्राही जनताले सेवा हासिल गर्न कार्यालय आउनु पूर्व नै आफूले साथमा ल्याउनु पर्ने कागजात र दस्तुर सहितको विवरण बारे जानकारी हुने व्यवस्था मिलाउन गाउँ विकास समितिको कार्यालय लगायतको निकायमा सो वडापत्र रहने प्रबन्ध गर्न आदेश जारी गरिएको छ ।

७. विशिष्ट श्रेणीका सचिवहरूको नाममा आदेश जारी :

सूचनाको हकसम्बन्धी ऐन र नियमावलीले नेपाल सरकारका निकायहरूले पालना गर्नुपर्ने दायित्वहरुको व्यवस्था गरेको छ। यस सन्दर्भमा तत्कालीन २७ वटा मन्त्रालय र २१ वटा केन्द्रियस्तरका प्रशासकीय प्रमुखका रुपमा कार्यरत विशिष्ट श्रेणीका सचिवहरुको नाममा आयोगबाट आफ्नो र मातहत निकायमा कम्तिमा निम्नलिखित कार्य गर्न आयोगले तीनबुँदे आदेश जारी गरेको छः

७.१ प्रत्येक ३।३ महिनामा आफ्नो मातहत निकायबाट सम्पादित कामको नियमितरुपमा स्वतः प्रकाशन (Pro-actoveDisclouser) गर्नुपर्ने विवरण सार्वजनिक गर्ने ।

७.२ अनिवार्यरुपमा आफ्नो र मातहत सबै निकायमा सूचना अधिकारी तोक्ने ।

७.३ आफ्नो र मातहत निकायमा सूचना मागको निवेदन दर्ता गर्ने र माग अनुसारको सूचना दिए नदिएको अद्यावधिक गर्न छुट्टै अभिलेखको प्रबन्ध गर्ने, गराउने ।

साथै आयोगले यसरी सम्पादित कामको नियमितरुपमा आयोगमा प्रगति विवरण पठाउन पनि आग्रह गरेको छ ।

८. सरकारी तालीम केन्द्रका प्रमुखको नाममा आदेश जारी :

आयोगबाट सरकारको प्रत्यक्ष मातहतमा रहेका १९ वटा तालीम केन्द्रका प्रमुखको नाममा आ-आफ्नो निकायबाट संचालन हुने सबै प्रकारको तालीममा सूचनाको हकसम्बन्धी विषयलाई

पाठ्यक्रममा अनिवार्य रुपमा समावेश गर्न आदेश जारी भएको छ । यसरी जारी भएको आदेश उपर भएको प्रगति नियमित रुपमा आयोगमा पठाउन आग्रह गरिनुका साथै ती निकायका प्रमुखहरुलाई डाकी प्रगति समीक्षा समेत गरिएको छ ।

९. भूकम्पपछिको पुर्नस्थापना र पुनर्निर्माणमा पारदर्शिता अपनाउन सुझाव :

२०७२ बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्प र त्यसपछिको अनेकौं पराकम्पनहरुबाट भएको जनधनको क्षतिका सन्दर्भमा गरिने उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण लगायतका कार्यमा पूर्णत: पारदर्शिता अवलम्बन गर्न आयोगले निम्नलिखित १४ बुँदामा नेपाल सरकारलाई सुझाव दिएको छ:

९.१ संकटको अवस्थामा भ्रमपूर्ण सूचना प्रवाह हुन नदिन छोटो समयको अन्तरालमा नियमित रुपमा आधिकारिक सूचना प्रवाह गर्ने ।

९.२ आधिकारिक सूचना आवश्यकतानुसार विज्ञापनको रुपमा पनि प्रकाशित/प्रसारित गर्ने ।

९.३ आम जनताले उद्धार र सहयोगका लागि सम्पर्क गर्ने पदाधिकारीहरुको नामावली सार्वजनिक गर्ने ।

९.४ दाताबाट प्राप्त सहयोगमा पारदर्शीता अपनाउने ।

९.५ उद्धार र राहतमा संलग्न सरकारी र अन्य निकायले पूर्णत: पारदर्शीता अपनाउने ।

९.६ दैनिक जीवनमा आवश्यक सेवा र सुविधालाई चुस्त र दुरुस्त तुल्याउने ।

९.७ संकटग्रस्त घोषित जिल्लामा कार्यरत संचार माध्यमलाई विशेष सुविधा दिने ।

९.८ प्राकृतिक विपत्तिका बेला पूर्ण सावधानी अपनाउने ज्ञान र सीपको प्रचार गर्ने ।

९.९ सरकारका घोषित राहत कार्यक्रमहरु स्पष्ट पार्दै जनतालाई सु-सूचित गर्ने ।

९.१० तोकिएका मापदण्डहरुको बारे जनतामा प्रचार गर्ने ।

९.११ नागरिकको गुनासो सुन्ने व्ययवस्था गर्ने ।

९.१२ विपत्त समाचार संकलनमा खटिएका सञ्चारकर्मीलाई प्याकेज सुविधा घोषणा गर्ने ।

९.१३ जनतालाई सु-सुचित गर्दै आएका मिडिया हाउसका लागि पनि सुविधायुक्त प्याकेज सुविधा घोषणा गर्ने ।

९.१४ आयोगले सिफारिस गरेको अतिरिक्त पनि संचारकर्मीलाई सरकारका तर्फबाट उचित राहत प्रदान गर्ने ।

१०. विद्यालयतहको पाठ्यक्रममा सूचनाको हक समावेश :

मुलुकको भविष्यका कर्णधार विद्यार्थीहरुलाई सार्वजनिक पदमा रही कार्य सम्पादन गर्दा पूर्णत: पारदर्शिता अवलम्बन गर्नुपर्ने खुला कार्य संस्कृतिको अवधारणासँग समयमै परिचित गराउने ध्येयले कक्षा ६ देखि १० सम्मको पाठ्यक्रमको विश्लेषण (Gap Analysis) गरी यससम्बन्धी उपयुक्त पाठ समावेश गर्ने कार्य औपचारिक रुपमा अगाडि बढेको छ । साथै कक्षा ९ को सामाजिक शिक्षामा सूचनाको हकसम्बन्धी पाठ समावेश गरिएको छ । कक्षा ८ का लागि सूचनाको हकसम्बन्धी ऐच्छिक विषयका रुपमा छुट्टै पाठ्यपुस्तक तयार हुँदैछ । यस अतिरिक्त शिक्षकहरुका लागि सूचनाको हकसम्बन्धी मार्ग निर्देशिका पुस्तिका तयार गर्ने काम पनि भैरहेको छ ।

११. सूचनाको हकसम्बन्धी अभिमुखीकरण कार्यक्रममा वृद्धि :

आयोगबाट जिल्लास्तरीय सार्वजनिक/सरकारी कार्यालयका प्रमुख र सूचना अधिकारी, राजनैतिक दलका प्रतिनिधि, संचारकर्मी, गैर सरकारी संस्थाका प्रतिनिधि, शिक्षक, वुद्धिजिवी एवं नागरिक समाजका अगुवा, गाउँ विकास सचिव, स्कूलका विद्यार्थीलगायतलाई भेला गराई जिल्लास्तरमा सूचनाको हकसम्बन्धी अभिमुखीकरण कार्यक्रम लगायत संचालन गरी सूचनाको हकको अभ्यास बढाउने प्रयास भैरहेको छ ।

प्रस्तुत पहिलो एक वर्षको अवधिमा यस्ता जिल्लास्तरीय कार्यक्रम धादिङ, नुवाकोट, लमजुङ, स्याङ्जा, कास्की, वाग्लुङ, पर्वत, दैलेख, बाँके, सुर्खेत, रामेछाप, दोलखा, पर्सा, दाङ, इलाम, मोरङ, सुनसरी, काभ्रे, धनुषा, महोत्तरी, धनकुटा, डडेलधुरा, बैतडी, पाल्पा, गुल्मी, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, झापा, मुस्ताङ्ग, म्याग्दी, वारा, अर्धाखाँची, सिन्धुपाल्चोक, तनहुँ, म्याग्दी, मुस्ताङ्ग, सोलु लगायतका जिल्लामा सम्पन्न भएका छन् । यस प्रकारको अभियानलाई आयोगले निरन्तरता दिएको छ ।

१२. सूचनाको हक सम्बन्धमा संविधान निर्माण र संशोधनमा आयोगको पहल :

लोकतन्त्रको प्राणवायुका रुपमा रहेको सूचनाको हकलाई संविधानको मौलिक हकका रूपमा अझै अधिकारको दायरा फराकिलो गरी समावेश गर्न संविधान निर्माणका बेला आयोगले लिखित र मौखिक आग्रह सहितको भेटघाटलाई तिव्रता दिएको थियो । सो पहल हाल पनि निरन्तर जारी छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनबाटै मुलुकमा लोकतन्त्र दीगो हुने, भ्रष्ट्राचारमा न्यूनीकरण आउने, शासन प्रणालीमा खुलापना, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भई मुलुकमा सुशासन कायम हुने, कानुनी राज्य स्थापित हुने, मानव अधिकार र नागरिकका अन्य अधिकारको प्रचलनमा अभिवृद्धि भई नागरिकको सशक्तिकरण हुने, तथा वाक तथा प्रकाशन स्वतन्त्रताको निर्वाध उपयोगले मुलुक सम्वृद्धिको पथमा अग्रसर हुने आयोगको दृढ विश्वास छ । यसका लागि संविधानमा नागरिकलाई सूचना माग्ने र पाउने हालको व्यवस्थालाई फराकिलो पारी प्रवाह गर्ने समेत थप व्यवस्था गर्नुपर्ने देखिन्छ । यसैगरी सोही व्यवस्थामा प्रतिबन्धात्मक वाक्यांशमा राखिएको कानुन बमोजिम गोप्य राख्नु पर्ने कुरा सार्वजनिक गर्न वाध्य गरिने छैन भन्ने वाक्यांशको सट्टा सूचनाको हकसम्बन्धी कानुनले सुरक्षित राख्नु भनेका सूचना सार्वजनिक गर्न वाध्य गरिने छैन भन्ने प्रावधान राख्नुपर्छ । वर्तमान राष्ट्रिय सूचना आयोगलाई संवैधानिक निकायको स्थानमा राखी संघीय सूचना आयोग नामाकरण गर्नुपर्छ र प्रत्येक प्रान्तमा प्रान्तीय सूचना आयोग रहने र यी दुई तहका आयोगहरुको कार्यक्षेत्र एउटै छाता ऐनद्वारा निर्धारण गरिने कुरा संविधान मै व्यवस्था हुनुपर्ने आयोगको मान्यता छ । आयोग यही पहल गर्दै अघि बढदै छ ।

१३. आयोगको पाँच वर्षे रणनीति निर्माण :

राष्ट्रिय सूचना आयोगले सन् २०१६-२० को पाँच वर्षे रणनीतिको अन्तिम मस्यौदा तयार गरेको छ । जसअनुसार सामाजिक विकास, आर्थिक सम्वृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको श्रृजना गर्ने दृष्टि (Vision) तय गरिएको छ । यस पाँच वर्षे रणनीति अन्तर्गत (क) सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लगि राष्ट्रिय सूचना आयोगको क्षमता अभिवृद्धि गर्ने (ख) सूचनाको हकको कार्यान्वयनको लागि उपयुक्त वातावरण

निर्माण गर्ने, (ग) सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वफूर्त र क्रियाशील संस्थाहरूको अभिवृद्धि गर्ने गरी रणनीति प्राथमिकता (Stategic Priorities) निर्धारण गरिएको छ। यसको कार्यान्वयनबाट आयोगको काम व्यवस्थित हुने, नतिजा मापन योग्य हुने र सूचना माग गर्ने (Demand Side), सूचना प्रवाह गर्ने (Supply Side) र यसको प्रचलनमा पहरेदारको काम गर्ने आयोगको क्षमता विकास (Capacity Development) गर्ने तीनैवटा पक्षबीच सन्तुलित विकास हुने आयोगको विश्वास छ।

१४. सार्कस्तरीय गोष्ठीको तयारी :

दक्षिण एशियामा रहेका ८ वटा मुलुकहरूमा विद्यमान सूचनाको हकको स्थितिलाई नियाल्दा नेपालको स्थिति मजबूत रहेको छ। अन्तर्राष्ट्रियस्तरमा रहेका विभिन्न संस्था र सूचकाङ्कका आधारमा मापन गर्दा पनि नेपालको स्थिति सुदृढ पाईएको हो। यसर्थ सूचनाको हकका क्षेत्रमा कार्यरत आयोगहरूको क्षेत्रीय संजाल निर्माणको अग्रस्तरता नेपालले लिनु उपयुक्त हुने देखिएकाले चालू आ.व. २०७२।७३ को वार्षिक कार्यक्रममा सार्कस्तरीय गोष्ठी गर्न बजेटको व्यवस्था गरिएको छ। यस सम्बन्धमा अवधारणापत्र तयार गरी परराष्ट्रमन्त्री लगायतसँग परामर्श गरी अन्तिमरुप दिने प्रयास भैरहेको छ। साथै, यस क्षेत्रका आयोगमा कार्यरत महिला आयुक्तहरुको अर्को सार्कस्तरीय गोष्ठी आयोजना गर्न सकिने संभावना माथि पनि आयोगले ध्यान केन्द्रीत गरेको छ।

१५. नेपाल र बंगलादेशको आयोग बीच MOU गर्ने :

नेपाल र बंगलादेशमा रहेका क्रमशः राष्ट्रिय सूचना आयोग र सूचना आयोगहरु बीच सूचनाको आदन-प्रदान गर्ने, असल अभ्यासका विषयमा परामर्श गर्ने, भ्रमणको आदन-प्रदान गर्ने, संयुक्तरुपमा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने गरी MOU गर्ने प्रक्रिया अगाडि बढेको छ। यस सम्बन्धमा मन्त्रिपरिषद्बाट आयोगलाई MOU गर्ने स्वीकृति प्राप्त भैरहेको छ। हाल आयोगले MOU मा दस्तखत गर्ने समारोहको आयोजना गरिदिन कुटनैतिक पहल गरिरहेको छ। संभवतः यस्तो MOU अन्तराष्ट्रियस्तर मै अनुकरणीय नयाँ एवं श्रृजनशील प्रयोग हुनेछ।

१६. खुला सरकारको अवधारणा सम्बन्धी गोष्ठी सम्पन्न :

राष्ट्रिय सूचना आयोग र संयुक्त राष्ट्र संघीय विशष संस्था (UNDESA/DPADM) को संयुक्त तत्वाबधानमा नेपालमा Open Government Data विषयक तीन दिने अन्तर्राष्ट्रियस्तरको गोष्ठी सम्पन्न भयो। नेपाल, बंगलादेश, पानामा र उरुग्वे गरी ४ वटा मुलुक यस कार्यक्रममा छनौटमा परेका छन्। यस कार्यक्रमबाट नेपालमा तथ्याङ्क उत्पादन गर्ने, उत्पादित तथ्याङ्कमा सबैको पहुँच स्थापित गर्ने, यसको सहज उपयोगको वातावरण निर्माण गर्ने लगायतको प्रयासमा थप टेवा पुगेको छ। आयोगले यस कार्यलाई निरन्तता दिनेछ।

१७. Open Government Partnership मा सहभागिता :

सन् २०११ मा सरकार र नागरिकहरुको सहकार्यमा खुल्ला सरकारको अवधारणालाई विकसित गर्न स्थापित Open Governemt Partnership अभियानको तेश्रो विश्व सम्मेलन मेक्सिको सिटीमा भएको थियो। सो कार्यक्रममा प्रमुख सूचना आयुक्त, नेपाल सरकारका मुख्य सचिव,

फ्रिडम फोरमका अध्यक्ष सहितको सहभागिता थियो । सो कार्यक्रमको अवधिमा यस अभियानका अध्यक्षले प्रमुख आयुक्त र मुख्य सचिवसँग विशेष बैठक गरी नेपाल सरकारका मुख्य सचिवलाई संवोधन गरी यस अभियानमा सहभागी हुन आमन्त्रण गरिएको स्थिति छ । यस विषयमा प्रमुख आयुक्तको संयोजकत्वमा कमिटी गठन भै थप अध्ययन भैरहेको छ । यसमा हाल ६९ राष्ट्र सहभागी छन् । नेपालले यस अभियानमा सहभागिताको लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्नु पर्दछ, जसले लोकतन्त्रको सुदृढीकरण, नागरिकको सशक्तिकरण र पारदर्शितामा विशेष योगदान पुऱ्याउने आयोगको प्रारम्भिक आंकलन छ ।

१८. उच्च पदस्थ विदेशी पदाधिकारीहरुसँग भेटघाट :

आयोका पदाधिकारीहरुबाट विभिन्न समयमा उच्च ओहदामा रहेका विदेशी पदाधिकारीहरुसँग भेटघाट गरी सूचनाको हकको प्रवर्द्धनका क्षेत्रमा गहन छलफल भएको छ ।

१८.१ प्रमुख सूचना आयुक्तको नेतृत्वमा बंगलादेश गएको टोलीले तहाँका सूचना मन्त्रीसँग भेटघाट गरी नेपाल र बंगलादेशको आयोग बीच सहयोग आदन-प्रदानको MOU गर्ने विषयमा छलफल भएको छ ।

१८.२ प्रमुख सूचना आयुक्त र नेपाल सरकारका मुख्य सचिवले मेक्सिको सिटीमा आयोजित तेश्रो विश्वव्यापी Open Goverment Partnership मा सहभागी जनाई उक्त अभियानका अध्यक्षसँग विशेष छलफल गरी नेपाल पनि यस अभियानमा सहभागी हुने पहलको थालनी भएको छ ।

१८.३ चिलीको सान्टिएगोमा आयोजित सूचना आयूक्तहरुको नवौ विशेष सम्मेलनमा सहभागी हुँदा र क्यानडाको अवलोकन अध्ययन भ्रमण गर्दा प्रमुख आयुक्त र सूचना आयूक्तबाट आफ्ना समकक्षीसँग भेटघाट गरी असल अभ्यासहरुको आदन-प्रदान गर्ने विषयमा महत्वपूर्ण छलफल भएको छ ।

१८.४ नेपालस्थित यु.एन.ओमेन र जाईकाका प्रमुखसँग सूचनाको हकको प्रचलनमा महिला सहभागिता वृद्धि गर्ने विषयमा छलफल भएको छ । यसैगरी नेपालस्थित जाईकाका प्रमुख, विश्व बैक, यूएनडिपी, गभरमेण्ट फेसिलिटी र एशिया फाउण्डेशन जस्ता निकायका पदाधिकारीहरुसँग पनि सहकार्यका लागि छलफल भएको छ ।

१८.५ नेपाल भ्रमणमा आएको पाकिस्तानी सूचना आयूक्तहरुको टोलीसँग आपसी हितका विषयमा कुराकानी भएको छ । यसैगरी संयुक्त राष्ट्र संघीय बैठकमा सहभागी हुँदा र कोरियाको भ्रमण गर्दा पनि आयुक्त र प्रमुख आयुक्तबाट आपसी सहयोग र समझदारी वृद्धि गर्ने विषयमा विशेष पहल भएको छ । यस प्रकारको भेटघाट, छलफल र सहयोगको आदन-प्रदान गर्ने, अन्य मुलुकमा प्रयोगमा आएका असल अभ्यासबारे जानकारी लिने र हाम्रा अनुभवहरुका बारेमा पनि जानकारी दिने कार्यमा आयोग निरन्तर क्रियाशील छ ।

१९. कर्मचारीको शपथबाट गोप्य शब्द हटाउने पहल :

नेपालको संविधानमा वर्णित सूचनाको हक र सूचनाको हकसम्बन्धी ऐनका प्रावधानसँग बाझिने गरी राष्ट्रसेवक कर्मचारीहरुको शपथ ग्रहणमा रहेको गोपनीयताको शपथ हटाउनु पर्ने आयोगको ठहर छ । वर्तमान युगमा खुला, पारदर्शि, उत्तरदायी र जवाफदेही भै आफूलाई तोकिएको काम

गर्नु पर्ने सबै कर्मचारीलाई गोपनीयताको शपथ गराउँदा उनीहरू आफ्नो कामको परिणाम प्रदर्शन गर्ने अवसरबाट वंचित हुन पुग्छन् । यसर्थ गोपनीयताको सट्टा परिणाममुखी कार्य सम्पादन गर्ने गरी वर्तमान शपथ ग्रहणमा संशोधन गर्न आयोगले नेपाल सरकारलाई सुझाव दिएको छ । आयोग आफ्नो सुझाव सिघ्र कार्यन्वयनमा ल्याउन सरकारले पहल गर्ने कुरामा विश्वस्त र ढुक्क छ ।

२०. राष्ट्रिय सूचना दिवस, २०७२ सम्पन्न :

सम्माननीय प्रधानन्यायाधीश कल्याण श्रेष्ठको प्रमुख आतिथ्यतामा आयोगले २०७२ भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाएको छ । यस अवसरमा आयोगले प्रथम ६ महिनामा जारी गरेका महत्वपूर्ण आदेशहरुको संग्रह सार्वजनिक गरेको छ । सोही दिवसको अवसर पारेर आयोगले 'लोकतन्त्रको आधार सूचनाको अधिकार' भन्ने व्याच पनि सार्वजनिक गरेको छ । यसैगरी पचहत्तरै जिल्लामा यो दिवस मनाउन प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिएको थियो । यस कार्यक्रमबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा बढोत्तरी भएको महशुस गरिएको छ ।

२१. अन्तर्राष्ट्रिय थाहा दिवस, २०१५ सम्पन्न :

सन् २०१५ को सेप्टेम्बर २८ का दिन अन्तर्राष्ट्रिय थाहा दिवस (International Right to Know Day) नेपालमा पनि मनाईएको छ । आयोगको पहलमा आयोजित उक्त विशेष कार्यक्रममा सूचनाको हकका क्षेत्रमा क्रियाशील अभियान्ता श्री तारानाथ दाहाल र श्री केदार खड्कालाई सम्मान गरियो । यसैगरी आयोगका कर्मचारीमध्ये श्री बाबुराजा श्रेष्ठ र श्री विष्णुप्रसाद अर्याल पुरस्कृत हुनुभयो । तत्कालीन सूचना तथा संचारमन्त्री माननीय डा. मिनेन्द्र रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका गतिविधिहरुको झलक प्रस्तुत गरिएको थियो ।

२२. आपूर्ति व्यवस्थालाई सहज तुल्याउन ध्यानाकर्षण :

मुलुकमा सिर्जित दैनिक उपभोग्य वस्तु र इन्धनको अभावका सम्बन्धमा आयोगले सम्बन्धित निकायका उच्च पदाधिकारीहरुलाई आयोगमा डाकी आपूर्तिलाई सहज तुल्याउन सरकारी क्षेत्रबाट भएका प्रयासहरु बारे जनतालाई सुसूचित गर्न आग्रह गरेको छ । यससम्बन्धमा केन्द्रमा कमाण्ड पोष्ट खडा गरिएको, पचहत्तरै जिल्लामा अनुगमन समिति क्रियाशील रहेको, दैनिक उपभोग्य वस्तुको आयातमा पहल भैरहेको, वितरण प्रणालीलाई चुस्त तुल्याएको, वैकल्पिक आपूर्तिको प्रबन्ध र वैकाल्पिक उपकरण एवं विद्युत आपूर्तिका सम्बन्धमा भैरहेका पहलबारे आम देशवासीलाई नियमितरुपमा जानकारी गराउन आयोगले सरोकारवाला निकायका पदाधिकारीको ध्यानकर्षण गराएको छ । विशेषगरी खाद्यान्न, दूध, पानी, हरियो तरकारी, इन्धनलगायतको आपूर्ति र वितरण प्रणालीलाई चुस्त र दुरुस्त गरिएमा विवरण जनतामा प्रवाह गर्न आयोगले आग्रह गरेको छ ।

२३. आ.व. २०७०।७१ को प्रतिवेदन प्रस्तुती :

आयोगले आ.व. २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत व्यवस्थापिका संसदमा प्रस्तुत गरेको छ । साथै आ.व. २०७१।७२ को वार्षिक प्रतिवेदन पनि तयार भएको छ ।

२४. संगठन तथा व्यवस्थापन अध्ययन :

आयोगलाई समय-सापेक्ष चुस्त र दुरुस्त ल्याउन संगठन तथा व्यवस्थापन अध्ययन (O&M Survey) गरी दरबन्दी थप्ने प्रयास भएको छ । हाल यो कार्य अन्तिम चरणमा पुगेको छ ।

२५. सूचनाको हकसम्बन्धी मन्त्रालयगत छलफल :

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगले विभागीय मन्त्री, सचिव र कर्मचारीलाई एकै ठाँउमा भेला गराई मन्त्रालयगत छलफललाई तिव्रता दिईएको छ । यसअनुसार सामान्य प्रशासन मन्त्रालय, तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयमा कार्यक्रम सम्पन्न भएको छ । साथै कृषि विकास मन्त्रालय र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयमा पनि सूचनाको हकसम्बन्धी विषयमा छलफल भएको छ ।

२६. जिल्ला न्यायाधिशहरूसँग अन्तरक्रिया :

जिल्ला न्यायाधिशहरुको सेवा प्रवेश तालीममा पनि सूचनाको हकसम्बन्धी विषयमा गहन अन्तरक्रिया गरिएको छ । यस्ता छलफलबाट सूचनाको हकसम्बन्धी अवधारणाको समान बुझाई, कार्यान्वयनमा तदारुकता र पारदर्शिता अभिवृद्धिमा टेवा पुगेको महशुस गरिएको छ ।

२७. प्रधान सम्पादकहरुसँग अन्तरक्रिया :

राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन, रेडियो, अनलाईन र साप्ताहिक पत्रिकाका प्रधान सम्पादक र वरिष्ठ संचारकर्मीसँग आयोगले नियमितरुपमा समूहगत छलफल गर्दै आएको छ । यसबाट आम नागरिक आफ्नो सूचनाको हकप्रति पूर्णत: जानकार नहुन्जेल संचारकर्मीले सम्बन्धित निकायबाट सूचना हासिल गरी नागरिकको पक्षमा सूचना प्रवाह गरी दिने कामले बढोत्तरी पाएको महशुस गरिएको छ ।

२८. लैङ्गिक समानता र महिला सशक्तिकरणमा पहल :

आयोगले नेपाल सरकारद्वारा महिलाको पक्षमा घोषणा गरेका कार्यक्रम, छुट, सुविधा लगायतको विवरण संकलन गरी पुस्तककारुपमा प्रकाशित गर्ने कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ । यस अतिरिक्त भूकम्प जस्ता विपत्तीमा महिलाप्रति गरिनु पर्ने व्यवहार र उच्च तहमा रहेका महिलाहरुको भूमिका विषयमा आयोगले छुट्टा-छुट्टै अन्तरक्रिया गरेको छ । भविष्यमा पत्रकारिताका क्षेत्रमा कार्यरत महिलाको कार्यशाला गोष्ठी गर्ने लगायतका कार्यक्रम सञ्चालन गरी महिलाहरुलाई सूचनाको हकबारे जागरण ल्याउने तयारी गरेको छ ।

२९. प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन :

सूचनाको हकका क्षेत्रमा प्रशिक्षक र अभियान्ता तयार गर्ने ध्येयले आयोगले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र न्याय सेवा तालिम केन्द्रबाट सूचनाको हकका क्षेत्रमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरेको छ । यसैगरी हुलाक प्रशिक्षण केन्द्रबाट त्यहाँ कार्यरत अधिकृतहरू र आयोग स्वयंले संचारकर्मीका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

३०. निवन्ध प्रतियोगिता, लेखको संग्रह र बुलेटिन प्रकाशन :

आयोगले संचारकर्मी र सूचना अधिकारीबीच सूचनाको हकका विषयमा प्रतियोगितात्मक निबन्ध प्रतियोगिता गराई पुरस्कार समेत वितरण गरेको छ । यसैगरी आयोगले सूचनाको हकका क्षेत्रमा विभिन्न व्यक्तिको विचार सहितको लेखको संगालो प्रकाशित गरेको छ । यस अतिरिक्त प्रत्येक चौमासिक अवधिमा आयोगले बुलेटिन प्रकाशित गरी आफ्ना गतिविधि सार्वजनिक गर्नुका साथै सूचनाको हकका क्षेत्रमा जनचेतना जागृत गराउने कार्यलाई बढावा दिएको छ ।

३१. अनलाईन सूचना मागको व्यवस्था :

आयोगले अनलाईन मार्फत सूचना माग गर्न सक्ने पद्दतिको विकास गरेको छ । पाईलटिङको रुपमा १६ जिल्लामा ७ वटा कार्यालयहरुमा यो पद्दति लागू गरिएकोमा गत आ.व. २०७१।७२ मा अनलाईन मार्फत करिब ५६० वटा सूचना मागका निवेदन परेका छन् । यो संख्या चालू आ.व. २०७२।७३ मा वृद्धि हुने अपेक्षा गरिएको छ । यसरी अनलाईनबाट माग गरिएका सूचना अनलाईनबाटै उपलब्ध गराईएको छ । आयोगमा दिने निवेदन, उजूरी र पुनरावेदन पनि अनलाईनबाट पठाउन सकिने र यो पद्दतिलाई नेपाल भरी र सबै सार्वजनिक निकायमा लागू गर्न सके यस क्षेत्रमा कोसेढुङ्गा सावित हुनेछ ।

३२. गैर सरकारी संस्था र अभियान्ताहरुको क्रियाशीलतामा वृद्धि :

आयोगको सक्रियतासँगै सूचनाको हकको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था र अभियान्ताहरुको क्रियाशीलता पनि अभिवृद्धि भएको छ। आयोगले यस क्षेत्रमा कार्यरत संस्था र अभियान्ताहरुलाई थप कार्यक्रम संचालन गर्न उत्प्रेरित गरेको छ। साथै आयोग यस क्षेत्रमा सबैसँग मिलेर सहकार्य गर्न उत्सुक रहेको सन्देश प्रवाह भएको छ ।

३३. आयोगमा पुनरावेदनको संख्या वृद्धिसँगै आदेशको संख्यामा पनि वृद्धि :

२०६५ बैशाख २२ गते स्थापना भएको राष्ट्रिय सूचना आयोगमा आ.व. ०६५।६६ मा १२ वटा निवेदन, उजूरी र पुनरावेदन परेका थिए । सो सख्ंया क्रमशः वृद्धि हुँदै गएको छ । जस अनुसार आ.व. ०६६।६७ मा ३९ वटा, ०६७।६८ मा ४७ वटा, ०६८।६९ मा १३६ वटा, ०६९।७० मा २६० वटा, ०७०।७१ मा ४७० वटा र ०७१।७२ मा ७७७ वटा निवेदन, उजूरी र पुनरावेदन परेका छन् । चालू आ.व. ०७२।७३ मा यो संख्या वृद्धि हुने अनुमान गरिएको छ ।

२०७१ पुष ३० गतेबाट राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुले कार्यभार सम्हालेपछि आयोगबाट सूचना मागका निवेदन, उजूरी र पुनरावेदन उपर सूचना दिनु, सूचना पाईसकेकोले लगत कट्टा गर्नु र अन्य विविध आदेशहरू जारी गर्ने संख्यामा वृद्धि भएको छ । जस अनुसार २०७१ पुष ३० गते र २०७१ माघ महिनामा ९९ वटा, २०७१ फागुनमा ४६ वटा, २०७१ चैत्रमा ७९ वटा, २०७२ बैशाखमा २७ वटा, २०७२ जेठमा ३९ वटा, २०७२ असारमा १२३ वटा, २०७२ साउनमा १०५ वटा, २०७२ भदौमा २९ वटा, २०७२ असोजमा ११२ वटा, २०७२ कार्तिकमा १५० वटा, २०७२ मंसिरमा २३ वटा र २०७२ पुसमा १८१ वटा गरी १२ महिनाको अवधिमा ९०४ वटा आदेश जारी भएका छन् । यसरी आयोगले आफ्नो क्रियाशीलता बढाएको प्रष्ट हुन्छ ।

राष्ट्रिय सूचना आयोग

काठमाण्डौ, नेपाल

फोन नं. : ०१-४६०२७४७, ४६०२९२०, फ्याक्स : ०१-४६०१२१२

इमेल : info@nic.gov.np, वेभ : www.nic.gov.np

हेल्प लाईन : ०१-४६००७६८

मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६